श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. ४६६

पुनरावेदन नं. ०७९-RB-००५२

पुनरावेदन दर्ता मिति २०७९।०६।०७

**मुद्दाः– भन्सार चोरी पैठारी।**

जिल्ला रौतहट, सिम्रौनगढ नगरपालिका वडा नं.१ खजानी टोल बस्ने लक्ष्मण साहको छोरा वर्ष १७ को धिरेन्द्र कुमार साह.......................................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

प्र.स.नि. नरेश महतो समेतको प्रतिवेदनले नेपाल सरकार................................१ } प्रत्यर्थी वादी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय :- गौर भन्सार कार्यालय, रौटहट, गौर

शुरु निर्णय गर्ने अधिकारी :- भन्सार अधिकृत श्री बासुदेव नेपाल

शुरु कार्यालयको निर्णय मिति :-२०७९।०५।२८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान अधिवक्ता श्री निलकण्ठ उपाध्याय रेग्मी

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्बित नजीरः ×**

गौर भन्सार कार्यालय, रौटहट, गौरको मिति २०७९।०५।२८ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र दफा ९(४) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. मिति २०७७।०९।२० गते अं.१२:५५ बजेको समयमा यस कार्यालय तथा मातहत प्रहरी ईकाइबाट खटिएको प्रहरी टोलिले जिल्ला रौतहट मौलापुर न.पा. ५ स्थित सडक खण्डमा सवारी साधन तथा पैदलयात्रीहरु समेतलाई चेक जांच गर्ने क्रममा भारत बाट कटहरिया तर्फ जान आएका प्रदेश १-०२०४२-प २००० नं.को मोटरसाइकल उपर शंका लागी रोकी चेकजांच गर्दा उक्त मोटरसाइकल चालक जिल्ला बारा सिम्रौनगढ न.पा.१ खजानी टोल बस्ने लक्ष्मण साहको छोरा वर्ष १९ को धिरेन्द्र कुमार साहको शरिर तथा चढी आएको मोटरसाइकल चेकजांच गर्दा विभिन्न दरका नेपाली नगद रु.८,००,०००।- मोबाईल थान २ समेत फेला परेको हुंदा उक्त नगद र मोटरसाइकल समेत बरामद गरी निज धिरेन्द्र कुमार साहलाई पक्राउ गरिएको भन्ने समेत व्यहोराको मिति २०७७।०९।२० को बरामदी मुचुल्का।

२. मिति २०७७।०९।२० गते अं. १२:५५ बजेको समयमा यस कार्यालय तथा मातहत प्रहरी ईकाइबाट खटिएको प्रहरी टोलिले जिल्ला रौतहट मौलापुर न.पा. ५ स्थित सडक खण्डमा सवारी साधन तथा पैदलयात्रीहरु समेतलाई चेक जांच गर्ने क्रममा भारत तर्फबाट कटहरिया तर्फ जान आएका प्रदेश १-०२०४२-प २००० नं.को मोटरसाइकल उपर शंका लागी रोकी चेकजांच गर्दा उक्त मोटरसाइकल चालक जिल्ला बारा सिम्रौनगढ न.पा.१ खजानी टोल बस्ने लक्ष्मण साहको छोरा वर्ष १९ को धिरेन्द्र कुमार साहको शरिर तथा मोटरसाईकल समेत खानतलासी गर्दा निजले लगाएको ज्याकेटको खल्तीमा नेपाली रु.१०००।- (एक हजार) दरको नोट ३८४ वटा गरी रु.३८४०००।- (तिन लाख चौरासी हजार) र रु.५००।- (पाँच सय) दरको नोट ६३२ वटा गरी रु.३,१६,०००/- (तिन लाख सोह्र हजार) र उक्त मोटरसाईकलको दाहिने तर्फ लेगगार्डमा कपडाको झोला भित्र रु.५०।- (पचास) दरको नोट १०३८ वटा गरी रु.५१,९००।- (एकाउन्न हजार नौ सय) रु.१००।- (सय) दरको नोट ४८१ वटा गरी रु.४८१००।- (अठचालिस हजार एक सय) गरी जम्मा रु.८,००,०००।- (आठ लाख) लुकाई छिपाई राखेको अवस्थामा फेला परेको हुँदा उक्त नेपाली नगद रु.८,००,०००।- (आठ लाख) र चढी आएको प्रदेश १-०२०४२-प २००० नं. को मोटरसाइकल समेत बरामदी गरी निज धिरेन्द्र कुमार साहले सम्बन्धित निकायबाट ईजाजत पत्र नलिई भन्सार छली गरी श्रोत नखुलेको नेपाली रकम रु. ८,००,०००।- (आठ लाख) साथमा लिई हिडेको हुंदा निजलाई पक्राउ गरी कानूनी कारवाहीको लागि यस कार्यालयमा दाखिला हुन आएकोले निजको साथमा फेला परेको मोटरसाईकल, मोबाईल, नगद समेतका दशी सहित निज धिरेन्द्र कुमार साहलाई भन्सार ऐन अन्तर्गत कानूनी कारवाहीको लागि यसै प्रतिवेदन साथ दाखिला गरेका छौ भन्ने समेत व्यहोराको प्र.नि. नरेश महतो समेतले श्री जिल्ला प्रहरी कार्यालय रौतहटमा मिति २०७७।०९।२० मा पेश गरेको प्रतिवेदन।

३. मिति २०७७।०९।२० गते अं.१२:५५ बजेको समयमा यस कार्यालय तथा मातहत प्रहरी ईकाइबाट खटिएको प्रहरी टोलिले जिल्ला रौतहट मौलापुर न.पा. ५ स्थित सडक खण्डमा सवारी साधन तथा पैदलयात्रीहरू समेतलाई चेक जाँच गर्ने क्रममा भारत तर्फवाट कटहरिया तर्फ जान आएका प्रदेश १-०२०४२-प २००० नं. मोटरसाइकल उपर शंका लागी रोकी चेकजांच गर्दा उक्त मोटरसाइकल चालक जिल्ला वारा सिम्रौनगढ न.पा. १ खजानी टोल वस्ने लक्ष्मण साहको छोरा बर्ष १९ को धिरेन्द्र कुमार साहको शरिर तथा चढी आएको मोटरसाईकल समेत खानतलासी गर्दा निजले लगाएको ज्याकेटको खल्तीमा नेपाली रु.१०००।- (एक हजार) दरको नोट ३८४ वटा गरी रु.३८४०००।- (तिन लाख चौरासी हजार) र रु.५००।- (पाच सय) दरको नोट ६३२ वटा गरी रु.३,१६,०००।- (तिन लाख सोह हजार) र उक्त मोटरसाईकलको दाहिने तर्फ लेगगार्डमा कपडाको झोला भित्र रु.५०।- (पचास) दरको नोट १०३८ वटा गरी रु.५१,९००।- (एकाउन्न हजार नौ सय) रु.१००।- (सय) दरको नोट ४८१ वटा गरी रु.४८१००।- (अठचालिस हजार एक सय) गरी जम्मा रु.८,००,०००।- (आठ लाख) लुकाई छिपाई राखेको अवस्थामा फेला परको हुदां उक्त नेपाली नगद रु. ८,००,०००।-(आठ लाख) र चढी आएको प्रदेश १-०२०४२-प २००० नं. को मोटरसाइकल समेत बरामद गरी निज धिरेन्द्र कुमार साहले सम्बन्धित निकायवाट ईजाजतपत्र नलिई भन्सार छली गरी श्रोत समेत नखुलेको नेपाली रकम रु.८,००,०००।- (आठ लाख) साथमा लिई हिडेको हुंदा निजलाई पक्राउ गरी कानूनी कारवाहीको लागि यस कार्यालयमा दाखिला हुन आएकोले निजको साथमा फेला परेको मोटरसाईकल, मोबाईल, नगद समेतका दशी सहित निज धिरेन्द्र कुमार साहलाई भन्सार ऐन अन्तर्गत कारवाहीको लागि यसै प्रतिवेदनसाथ दाखिला गरेको छौ, कानून वमोजिम गरी पाँउ भनी प्रतिवेदनसाथ यस कार्यालयमा दाखिला हुन आएको हुँदा निजलाई कानूनी कारवाहीको लागि यसै पत्रसाथ पठाईएको भन्ने समेत व्यहोराको जिल्ला प्रहरी कार्यालय रौतहटको च.नं. २४२४ मिति २०७७।०९।२१ को पत्र।

४. उक्त दिन सो समयमा म आफ्नो घरवाट दाईले दिएको रु.८,००,०००।- (अक्षेरुपी आठ लाख रुपैया मात्र) लिई जिल्ला रौतहट मौलापुर बजार तर्फ जादै थिए। मेरो दाईको नाम दिपेन्द्र कुमार साह हो। उहाँको सिम्रौनगढ नगरपालिका वडा नं. १ स्थित रानीवास बजारमा कस्मेटिकको पसल छ। पसलको कारोवार पनि ठिकै छ। पसलको प्यान नं. ६०८७३५९५९ हो। त्यही पसलको जिल्ला सर्लाही लालवन्दी नगरपालिका वडा नं. ०६ स्थित सिटी इम्पेक्स भन्ने पार्टीको पैंसा बैंक मार्फत पठाउनको लागि मौलापुर बजार तर्फ जाने क्रममा प्रहरी टोलीले मिति २०७७।०९।२० मा अवैध रकम बोकेको भनी पक्राउ गरेको हो। उक्त रकम अवैध होइन, उक्त रकमको श्रोत समेत रहेकाले पछि दाईले खुलाई दिन सक्नु हुन्छ। उक्त स्थायी लेखा नं. ६०३८९५२४१ का पार्टी सिटी इम्पेक्सबाट कस्मेटिकका सामानहरु करिव करिब २० लाखको

सामानहरु उधारोमा खरिद गरेकाले सो मध्ये ८ लाख पठाउनका लागि बाईकमा मौलापुर बजार तर्फ जाँदै थिए। दाईले सिटी इम्पेक्स भन्ने पार्टीको बैंक खाता नं. १२८०००५०१४४३ राष्ट्रिय वाणिज्य बैंक लालबन्दी शाखा समेत दिई मलाई पठाउनु भएको थियो। म उक्त भारत तर्फबाट आएको होइन। उक्त दिन दाईले सिटी इम्पेक्स भन्ने पार्टीको बैंक खातामा पैंसा जम्मा गरेर आउनु भने वमोजिम नै मौलापुर बजार जादै थिए। उक्त मोटरसाइकल मेरो दाई दिपेन्द्र कुमार साहको हो। २०७७ साल असोज महिना तिर उक्त मोटरसाइकल मेरो दाईको नाममा एजेन्सीबाट नामसारी भएको हो तर विविध कारणले मोटरसाइकलमा नयां नम्बर प्लेट राख्न सकिएको छैन। उक्त मोटरसाइकलको नयां नम्वर प,२-०३-००९-प-३९५९ हो भन्ने समेत व्यहोराको प्रतिवादी धिरेन्द्र कुमार साहले शुरु गौर भन्सार कार्यालय रौतहटका भन्सार अधिकृत समक्ष मिति २०७७।०९।२२ मा दिएको बयान।

५. यसमा मिसिलमा संलग्न कागजातहरु र प्रतिवादीको बयानको आधारमा आदेश तर्फ विचार गर्दा, मिति २०७७।०९।२० गते अ. १२:५५ बजेको समयमा जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहत प्रहरी इकाईबाट खटिएको प्रहरी टोलीले जिल्ला रौतहट मौलापुर न.पा.वडा नं. ५ स्थित सडकमा सवारी साधन तथा पैदलयात्रीहरुलाई समेत चेक जांच गर्ने क्रममा विदेश भारत तर्फबाट कटहरिया तर्फ जान आएका प्रदेश १-०२-०४२-१२००० नं. को मोटरसाइकल उपर शंका लागी रोकी चेक जाँच गर्दा उक्त मोटरसाइकल चालक जिल्ला बारा सिमौनगढ नगरपालिका वडा नं. १ खजानी टोल बस्ने लक्ष्मण साहको छोरा धिरेन्द्र कुमार साहको शरिर तथा मोटरसाईकल समेत खानतलासी गर्दा निजले लगाएको ज्याकेटको खल्तीमा नेपाली नगद रु.१,०००।- (एक हजार) दरको ३८४ वटा गरी ३,८४,०००।- रु.५००।- (पाच सय) दरको नोट ६३२ वटा गरी रु.३,१६,०००।- र उक्त मोटरसाइकलको दाहिने तर्फको लेगगाडमा कपडाको झोला भित्र रु.५०।- (पचास) दरको नोट १०३८ वटा गरी रु.५१,९००।-, रु.१००।- (एक सय) दरको नोट ४८१ वटा गरी रु.४८,१००।- गरी जम्मा रु.८,००,०००।- लुकाई छिपाई राखेको अवस्थामा फेला परेको बरामदित नेपाली नगद रु.८,००,०००।- (आठ लाख) र चढी आएको प्रदेश १-०२०४२-प २००० नं. को मोटरसाइकल मिति २०७७।०९।२० को बरामदी मुचुल्काको आधार र प्रतिवादी धिरेन्द्र कुमार साहको साथबाट बरामद भएको नेपाली नगद रु.८,००,०००।- (अक्षेरुपी आठ लाख रुपैया) को सम्बन्धमा बयानको क्रममा ठोस प्रमाण पेश हुन नआएकोले तत्काल प्राप्त प्रमाणहरुको आधारमा निज प्रतिवादी धिरेन्द्र कुमार साह भन्सार ऐन, २०६४ को दफा २(च) बमोजिम चोरी पैठारी गरेको हो, होइन भन्न नसकिने हुँदा पछि ठहरे बमोजिम हुने गरी हाललाई भन्सार ऐन, २०६४ को दफा ५७ (१) (क) को कसुरमा मालवस्तुको बिगो वापत रु.८,८०,०००।- (अक्षेरुपी आठ लाख असी हजार रुपैया मात्र) भन्सार ऐन, २०६४ को दफा ४१ (१) बमोजिम धरौटी माग गर्नु। माग

बमोजिमको धरौटी दाखिला गरेमा नियमानुसार तारेखमा राखी छाडिदिने भन्ने समेत व्यहोराको गौर भन्सार कार्यालय रौतहटबाट मिति २०७७।०९।२२ मा भएको आदेश।

६. यसमा प्रस्तुत मुद्दाका धिरेन्द्र कुमार साहले बयानको क्रममा दाई भनी उल्लेख गरेको दिपेन्द्र कुमार साहलाई निजै मार्फत झिकाउने र जिल्ला सर्लाही लालवन्दी नगरपालिका वडा नं. ०६ स्थित स्थायी लेखा नं.६०३८९५२४१ का सिटी इम्पेक्सको नाममा भन्सार नियमावली, २०६४ को नियम ५२(१) वमोजिम १५ (पन्ध्र) दिन भित्र म्याद तोमलीको लागि श्री सर्लाही भन्सार कार्यालय, मलंगवामा लेखी पठाई दिनु भनी गौर भन्सार कार्यालय रौतहट बाट मिति २०७९।०२।१६ को आदेश।

७. म निजलाई चिन्दिन। म उक्त दिन प्र.नि. नरेश महतोको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी इकाईबाट खटिएको संयुक्त प्रहरी टोलिले जिल्ला रौतहट मौलापुर न.पा. वडा नं. ५ स्थित सडकमा सवारी साधन तथा पैदलयात्रीहरु समेतलाई चेकजांच गर्ने क्रममा भारत तर्फबाट कटहरिया तर्फ जान आएका प्रदेश १-०२०४२-प २००० नं. को मोटरसाईकल लाई रोकी चेकजांच गर्दा उक्त मोटरसाईकल को चालक धिरेन्द्र कुमार साहले लगाएको ज्याकेटको खल्तीबाट विभिन्न दरको नेपाली नगद रु.८,००,०००।- लुकाई राखेको अबस्थामा फेला पारी उक्त नगदको श्रोत बारे सोधपुछ गर्दा देखाउन नसकेकोले आवश्यक कारवाहीको लागि श्री जिल्ला प्रहरी कार्यालय रौतहटमा प्रतिवेदन साथ मानिसलाई पेश गरेको हुं भन्ने समेत व्यहोराको प्रतिवेदक ऋषिकेश मण्डलले गौर भन्सार कार्यालयमा मिति २०७९।०४।२६ मा गरेको बकपत्र।

८. प्रतिवादी धिरेन्द्र कुमार साहले भन्सार ऐन, २०६४ को दफा २(च) को कसुर अस्वीकार गरेता पनि प्रस्तुत मुद्दामा बरामद भएको नगदको श्रोत र उद्देश्यको सम्बन्धमा कुनै ठोस सवुद प्रमाण समेत पेश गरेको मिसिलबाट नदेखिएकोले सोही ऐनको दफा ५७(१क) वमोजिम प्रस्तुत मुद्दामा बरामद भएको नगदलाई सोही ऐनको दफा २(ल) बमोजिम मालवस्तु मानी उक्त मालबस्तु भारतबाट नेपाल तर्फ ल्याउन प्रयोग गरिएको मोटरसाइकल समेतका मालबस्तुहरु जफत गर्ने र उक्त मालबस्तुको विगो बमोजिम रु.८,८०,०००।- (अक्षरेपी आठ लाख असी हजार रुपैंया मात्र) जरिवाना ठहर्छ भन्ने समेत व्यहोराको गौर भन्सार कार्यालय, रौतहटका भन्सार अधिकृत श्री बासुदेव नेपालद्धारा मिति २०७९।०५।२८ मा भएको फैसला।

९. प्रस्तुत मुद्दामा मेरो उपर दर्ता भई चल्ने प्रकृतिको नभएको, भन्सार ऐन, २०६४ को दफा २(च) बमोजिमको कसुरजन्य कार्य नभएको, नेपालको संविधानले मौलिक हकको रुपमा प्रदान गरेको संविधानको धारा १७,१८,२५ समेत अन्तर्गत नेपालको कुनै पनि भागमा अवात जावत गर्ने, पेशा, रोजगार, सम्पत्ति आर्जन गर्ने, त्यसै गरी मुलुकी देवानी संहिता २०७४ को दफा २० ले दिएको अधिकार समेतलाई कुण्ठित हुने गरी खडा भएको

बरामदी मुचुल्कालाई आधार मानी बुझ्नु पर्ने प्रमाण नवुझी, आधार र कारण नखुलाई गौर भन्सार कार्यालय रौतहटबाट मिति २०७९।०५।२८ गतेको निर्णय बदर गरी न्याय इन्साफ गरी पाउँ भन्ने व्यहोराको प्रतिवादी धिरेन्द्र कुमार साहले मिति २०७९।०६।०७ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।१०।१३ मा भएको आदेश।

११. यसमा मिति २०७७।०३।२० को बरामदी/खानतलासी मुचुल्कामा साक्षी बस्ने त्रिभुवन साह, नितेश कुमार जयसवाल र प्रमोद साह, रौतहट जिल्ला मौलापुर न.पा. वडा नं.५ का तत्कालीन वडा अध्यक्ष बहिदार राउत कुर्मी र प्रतिवेदक प्र.नि. नरेश महतोलाई बुझ्न पर्ने देखिँदा विशेष सरकारी वकील कार्यालय मार्फत बकपत्रको लागि उपस्थित गराउन लगाई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०८०।०१।०७ मा भएको आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री निलकण्ठ उपाध्याय रेग्मीले प्रतिवादीको साथ बाट बरामद भएको नगद ब्यापार व्यवसायबाट आय आर्जन गरेको र उक्त नगद रकम बैंकमा जम्मा गर्न जाँदा पक्राउ परेको हो प्रतिवादीको हकमा भन्सार ऐन,२०६४ को दफा ५७(१) को कसूर नै शंकारहित रुपमा पुष्टी हुन नसकेको हुँदा दफा ५७(१क) बमोजिम सजाय हुने भनी हचुवाको भरमा गरेको निर्णय कानुन सम्मत नभएको हुँदा शुरु भन्सार कार्यालयको निर्णय बदरभागी छ। बदर गरी निजले आरोपित कसूरबाट सफाई पाउनुपर्छ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय काठमाडौका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले प्रतिवादीले रकमको स्रोत नखुलाई तोकिएको बाटो बाहेक अन्यत्रबाट लुकीछुपी कारोबार गरेको देखिंदा शुरु भन्सार कार्यालयबाट गरेको निर्णय मनासिव हुंदा सदर हुनुपर्छ भन्ने समेत जिकिर लिई बहस प्रस्तुत गर्नुभयो।

१४. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानून व्यवसायी तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु गौर भन्सार कार्यालय, रौतहटको निर्णय मिलेको छ वा छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, जिल्ला रौतहट मौलापुर न.पा. ५ स्थित सडक खण्डमा सवारी साधन तथा पैदलयात्रीहरु समेतलाई चेक जांच गर्ने क्रममा भारत बाट कटहरिया तर्फ जान आएको प्रदेश १-०२०४२-प २००० नं. मोटरसाइकल उपर शंका लागी रोकी चेकजांच गर्दा उक्त मोटरसाइकल चालक जिल्ला वारा सिम्रौनगढ न.पा.१ खजानी टोल वस्ने लक्ष्मण साहको छोरा वर्ष १९ को धिरेन्द्र कुमार साहलाई प्रहरीको टोलीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय रौतहटमा पेश गरेको बरामदी मुचुल्काबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन आयो।उक्त वरामदी मुचुल्कामा रौतहट मौलापुर नगरपालिका वडा नं. ५ स्थित सडक खण्डमा प्रतिवादी धिरेन्द्र कुमार शाहलाई खानलतलासी गर्दा रु.८,००,०००।—बरामद गरेको भन्ने समेत ब्यहोरा लेखिएको देखियो। निज भारत तर्फबाट आएको भन्ने उल्लेख भएपनि बरामदी मुचुल्का नेपाल भारत सिमा बिन्दुमा वा भन्सार विन्दुमा भएको भन्ने देखिदैन। मौकामा भन्सार अधिकृत समक्ष बयान गर्दा प्रतिवादी धिरेन्द्र कुमार साहले आफुले उक्त रु.८,००,०००/- रकम दाईको पसल (स्थायी लेखा नं.६०८७३५९५९) को लागि सामान उधारोमा खरिद गरेबापत लालवन्दी स्थित सिटी इम्पेक्स पार्टीको बैंक खाता नं.१२८०००५०१४४३ मा बुझाउन मौलापुर बजार तर्फ जादै गर्दा पक्राउ परेको हुँदा आफू बाट कुनै गल्ती भएको छैन, म भारतबाट आएको होईन रकम अवैध पनि होईन सजाय नगरियोस भनी इन्कारी बयान गरेको देखिन्छ।

१६. वरामद भएको रकम मोवाईल र मोटरसाईकल सहित मिति २०७७।९।२० को प्रतिवेदन साथ प्रहरीले यी प्रतिवादी धिरेन्द्र कुमार साहलाई मुद्दा अनुसन्धान गर्ने र मुद्दा हेर्ने अधिकार क्षेत्र रहेको भन्सार कार्यालय रौतहट गौर पेश गरे पछि यस सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा ६०ख. बमोजिम मुद्दाको अनुसन्धान, तहकिकात र दायरी गर्नेको लागि अनुसन्धान अधिकृत तोकी अनुसन्धान सम्पन्न गरी तत्काल प्राप्त प्रमाणबाट अभियोग लागेको ब्यक्ति कसूरदार देखिएमा कुन दफा अन्तर्गतको कसूरमा कति सजाय हुनुपर्ने हो भन्ने किटानी साथ अभियोग पत्र तयार गरी मुद्दा हेर्ने अधिकार क्षेत्र रहेको मुद्दाहेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेमा मिसिलबाट त्यस्तो कानूनी प्रकृया पुरा गरेको देखिन आउदैन ।अझ विडम्वना त कहाँ देखिन्छ भने यी प्रतिवादीको हकमा भन्सार कार्यालय गौर समक्ष अभियोगपत्र दायर भएको नै पाईदैन भने मुद्दा हेर्ने अधिकारी समक्ष के कुन अभियोग लागेको हो त्यसमा सजाय के कति हुन सक्छ त्यसको निर्दोषिताको प्रमाण पेश गर्न सक्नु हुन्छ वा सक्नु हुन्न भन्ने कसूरको पुरा जानकारी दिइ प्रतिवादीको बयान सम्म पनि गराएको देखिएन आएन ।यस्तो कारवाहीलाई कानूनको उचित प्रकृया पुरा गरी भएको कारवाही मान्न मिल्ने देखिन आएन।

१७. भन्सार कार्यालय गौर रौतहटको मिति २०७९।५।२८ को फैसला हेर्दा प्रतिवादी धिरेन्द्र कुमार साहलाई भन्सार ऐन, २०६४ को दफा ५७(१क) बमोजिम विगो बमोजिम रु.८,८०,०००।—जरिवाना हुने ठहर गरेको देखिन्छ ।उक्त दफा ५७ (१क) मा

उपदफा (१) बमोजिमको कसूरको विगो दश लाख रुपैया सम्म भएमा भन्सार अधिकृतले त्यस्तो मालबस्तु जफत गरी मालवस्तुको विगो बमोजिम जरिवाना गर्न सक्नेछ भन्ने कानूनी ब्यवस्था रहेकोले त्यस्तो सजाय हुनको लागि प्रतिवादीको हकमा दफा ५७(१) बमोजिमको कसूर गरेको पुष्टी हुनु पर्ने हुन्छ ।भन्सार ऐन, २०६४ को दफा ५७(१) मा कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम वाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिने छ भन्ने ब्यवस्था रहेको पाईन्छ भने सोही ऐनको दफा २(च) मा चोरी पैठारी भन्नाले भन्सार लाग्ने मालबस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाइ वा वाटो छली वा भन्सार महशुल नलाग्ने माल बस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्य सम्झनु पर्छ भन्ने कानूनी ब्यवस्था रहेको देखिन्छ ।

१८. प्रस्तुत मुद्दामा प्रतिवादी धिरेन्द्र कुमार साहबाट प्रहरीले मिति २०७७।०५।२० मा रु.८,००,०००।—(आठ लाख रुपैया) नेपाली नगद वरामद गरेको र वरामदी मुचुल्कामा निज भारत तर्फबाट आइ कटहरिया तर्फ जान लागेको भन्ने ब्यहोरा उल्लेख गरेको भएपनि खानतलासी वा वरामदी मुचुल्का नेपाल भारत सिमा विन्दुमा भएको वा भन्सार नाकामा भएको देखिदैन। वरामदी मुचुल्कामा भन्सार कार्यालयको कोही प्रतिनिधि रोहबरमा वसेको पनि पाइदैन ।आफू भारतबाट आएको होइन । बरामद भएको रकम दाईले लालबन्दी स्थित सिटी इम्पेक्सलाई उधारोमा ल्याएको सामान वापत मौलापुर वजार गई बैंकमा जम्मा गरिदिनु भनी पठाएकोले लिएर बजार तर्फ जादै थिए। रकम अवैध होईन भनी आरोपित कसूरमा पूर्णतः इन्कार रही बयान गरेको देखिन्छ ।वरामदी मुचुल्कामा रोहवरमा वस्ने तथा काम तामेल गर्ने ब्यक्तिहरुलाई बकपत्रका लागि भन्सार कार्यालय गौरबाट पटक-पटक आदेश गरी पत्राचार भएकोमा प्रहरी हवल्दार ऋषिकेश मण्डल मात्र वकपत्रका लागि उपस्थित भएको देखियो। निजको बकपत्र ब्यहोरामा प्रतिवादी धिरेन्द्र कुमार साहबाट रकम बरामद भएको र रकमको स्रोत देखाउन नसकेको भन्ने ब्यहोरा उल्लेख गरेको भएपनि वरामद रकम यी प्रतिवादीले भारतबाट नेपाल तर्फ ल्याएको, भन्सारमा घोषणा नगरेको वा भन्सारक्षेत्रको वाटो छली अन्यत्र बाटै चोरी पैठारी गरेको भनी कसूर पुष्टि हुन सक्ने कुनै ठोस आधार लेखाउन सकेको देखिदैन। साथै, यस न्यायाधिकरणबाट मिति २०८०।१।७ को आदेशानुसार मिति २०७७।९।२० को वरामदी/खानतलासी मुचुल्कामा साक्षी बस्ने त्रिभुवन शाह, नितेश कुमार जयसवाल, प्रमोद साह रौतहट जिल्ला मौलापुर न.पा.वडा नं. ५ का तत्कालीन वडा अध्यक्ष बहिदार राउत कुर्मी र प्रतिवेदक प्र.नि. नरेश महतो लाई विशेष सरकारी वकील कार्यालय मार्फत बकपत्रको लागि उपस्थित गराउन पत्राचार भएकोमा अभियोजन पक्षले कसैलाई पनि उपस्थित गराएको देखिएन ।

१९. सरकारवादी फौजदारी मुद्दामा कुनै पनि अभियुक्त उपरको कसूर शंका रहित रुपमा सवुद प्रमाणबाट पुष्टी गर्ने अभिभारा अभियोजन पक्ष अर्थात वादी नेपाल सरकारमा रहन्छ ।प्रस्तुत मुद्दामा प्रतिवादी धिरेन्द्र कुमार साह उपर वादी नेपाल सरकारले कानून बमोजिम अभियोग पत्र नै दायर नगरेको, प्रतिवादीलाई स्पष्ट रुपमा अभियोग र हुने सजाय बारे जानकारी गराई मुद्दा हेर्ने अधिकारी समक्ष वयान सम्म पनि नगराएको, मुद्दा हेर्ने अधिकारीले सवुद प्रमाणको विवेचना गरी प्रतिवादी उपर भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसूर स्थापित गर्ने आधार र कारण नै नखोली उल्टै वरामद भएको नगदको स्रोत र उद्देश्य सम्बन्धमा कुनै ठोस सवुद प्रमाण पेश नगरेको भनी सफाईको सवुद पेश गर्ने प्रमाणको भार प्रतिवादी माथि रहेको जस्तो गरी भन्सार ऐन, २०६४ को दफा ५७(१क) बमोजिम विगो बमोजिम जरिवाना हुने ठहर्याएको शुरु फैसलामा प्रमाण ऐन, २०३१ को दफा २५ को गम्भीर त्रुटी हुनाको साथै फौजदारी न्यायका सिद्धान्त प्रतिकूल समेत देखिँदा शुरु फैसला न्यायोचित देखिएन ।

२०. तसर्थ माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी धिरेन्द्र कुमार साहले भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) बमोजिमको कसुर गरेको भन्ने प्रमाणित हुने कुनै पनि प्रमाण मिसिल संलग्न नरहेको स्थितीमा प्रतिवादीको साथबाट बरामद रकम रु.८,८०,०००/-(आठ लाख असी हजार) बिगो कायम गरी मोटरसाईकल जफत गर्ने र प्रतिवादीलाई विगो बमोजिम रु.८,८०,०००/- जरिवाना गर्ने ठहऱ्याएको गौर भन्सार कार्यालय, रौतहटका भन्सार अधिकृतबाट मिति २०७९/५/२८ मा भएको निर्णय त्रुटिपूर्ण हुँदा उल्टी बदर भई प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ ।अरु तपसिल बमोजिम गर्नू।

<u>तपसील खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम शुरु गौर भन्सार कार्यालयबाट मिति २०७९/०५/२८ मा भएको निर्णय बदर भएकोले प्रतिवादीको हकमा जरिवाना असुल गर्ने र मोटरसाइकल लिलाम गर्ने गरी राखिएको लगत कट्टा गर्नु भनी शुरु गौर भन्सार कार्यालयलाई लेखि पठाइदिनू।
२. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने ठहरेकोले प्रतिवादी धिरेन्द्र कुमार साहले मिति २०७७।९।२१ मा प्रज्ञापन पत्र नं. M३८ बाट राखेको धरौटी रु.८,८०,०००।—फिर्ता माग गर्न आएमा निजलाई तत्काल फिर्ता दिनु भनी गौर भन्सार कार्यालयलाई लेखि पठाई दिनू ।
३. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी विशेष सरकारी वकीलको कार्यालय काठमाडौलाई पठाइदिनू ।
४. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी

फैसलाको पीठमा जनाउनू ।

५. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिइ नियमानुसार प्रतिलिपी दिनू ।

६. प्रस्तुत पुनरावेदन दायरीको लगत कट्टा गरी शुरु मिसिल गौर भन्सार कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा म सहमत छु ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः लक्ष्मी प्रसाद शर्मा
इति सम्बत २०८० साल जेठ ३२ गते रोज ५ शुभम.............................................
फैसला प्रमाणिकरण मितिः
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप